# ७ (ख)

*[संवत् २०५४ सालको पुरस्कार 'जगदम्बा-श्री' श्री अम्बर गुरुङलाई समर्पण गर्न संवत् २०५५ साल माघ ८ गते रोज ६ का दिन आयोजित दोस्रो चरणको समारोहमा गुठीका अध्यक्षले गर्नुभएको स्वागत-भाषण। यो भाषण 'नेपाली' त्रैमासिक अङ्क १५८ बाट उद्धृत गरिएको हो।]*

*ॐ असतोमा सद्गमय: तमसोमा ज्योतिर्गमय:*
*मृत्योर्मा अमृतं गमय: ॐ शान्ति: शान्ति: शान्ति:*

हाम्रा आजका 'ब्यौला' अम्बरज्यू र मित्रहरू !

यस्ता उत्सवहरू बारम्बार भइराखून्, हाम्रा सम्मानित पाहुनाहरूको दर्शन हामीहरू पाइराखूं भन्ने लाग्छ। तर त्यो सधैं सम्भव हुँदैन। यही 'मदन पुरस्कार'को समारोह पनि वर्षमा एकैपटक मात्र हुन्छ, एकैपटक मात्र तपाईंहरूसँग भेट हुन्छ। तर यसपटक शाही नेपाल वायुसेवा निगमले गर्दा हामीले यो समारोह डबल्याउन पायौं। अम्बरज्यूले प्यारिसबाट काठमाण्डू पुग्न भनी लिनुभएका हवाईजहाजको टिकट त्यो दिन काम लागेन, शनेवानिको प्लेन नै गैदिएन प्यारिस। त्यसैले पहिलो समारोहमा नौरथामा अम्बरजी उपस्थित हुन सक्नुभएन। त्यसपछि कैले के पऱ्यो कैले के र यो काम ढिलाउँदै गयो। ढिला गर्नेमा दोषी हामी हौं– अध्यक्ष र सचिव। हामी अरू सदस्यज्यूहरूलाई त्यो अपजसमा सहभागी गराउन सक्तैनौं।

आज हामी यो समारोह गर्दै छौं सूक्ष्म रूपमा। मेरो काम त स्वागत गर्ने मात्रै हो। त्यसैले तपाईं सबैलाई हार्दिक स्वागत गर्दछु नयाँ नामकरण गरिएको यस बग्गीखानामा। संजोगको कुरा हो, ५ महिनाजतिअघि यस हलको उद्घाटन अम्बरजीद्वारा नै भएको थियो। तर त्यसबेला कुनै रिबन काटिएन, पानसमा बत्ती बालिएन, अम्बरजीले आफ्नो गलाद्वारा नै त्यो उद्घाटन सम्पन्न गर्नुभएको थियो।

अम्बरज्यू, तपाईंको कला त उत्कृष्ट छँदै छ, तपाईंको गला पनि त्यस्तै छ। तपाईंका कला र गलाका अतिरिक्त रसिला तपाईंका रचनावली छन् । यी तीनै कुराको वेणी पारेर तपाईंले चालीस वर्षदेखि नेपाली भाषा-सेवा गरिरहनुभएको छ। त्यसैले हो हामीले तपाईंको सम्मान गर्न खोजेको। तपाईंहरूलाई थाहै होला- मदन पुरस्कार गुठी नेपाली कवि, लेखक, साहित्यकार र भाषासेवीहरूको सम्मान गर्न खडा भएको संस्था हो। भनूँ भने नेपाली वाङ्मयको सेवा नै यसको मूलभूत उद्देश्य हो। त्यसै हुँदा आफ्नो संस्थापिकाका नामबाट गुठीले नयाँ स्थापना गरेको पुरस्कार 'जगदम्बा-श्री'को पनि छनौट प्रक्रियामा एउटै मात्र बुँदा राखिएको छ– नेपाली भाषाको अनन्य सेवा गरेको हुनुपर्छ भन्ने– लेख्य, श्रव्य, दृश्य जुनसुकै प्रकारले होस् ।

अम्बरज्यू, तपाईंलाई सम्मान गर्न पाउँदा गुठी गौरवान्वित भएको छ। यसलाई स्वीकार गरी तपाईंले पनि हामीलाई अनुगृहीत पार्नुभएको छ।

म पुनः तपाईंलाई यस समारोहमा स्वागत गर्दछु। अभ्यागत तपाईंहरू सबैलाई पनि म स्वागतम् भन्दछु। जय होस्।

☒ ☒ ☒